बान्नीगढी जयगढ गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ७** **संख्याः १८** **मितिः २०८२/१०/०४**


# भाग – २

# बान्नीगढी जयगढ गाउँपालिका

## बान्नीगढी जयगढ गाउँपालिकाको संस्था दर्ता तथा नविकरण कार्यबिधि, २०८२

गाउँ कार्यपालिकाको बैठकबाट पहिलो संशोधन स्विकृत मिति:- २०८२/१०/०४

राजपत्रमा प्रकाशित मितिः- २०८२/१०/१८

प्रस्तावना : *यस बान्नीगढी जयगढ गाउँपालिका क्षेत्रभित्र क्रियाशील संस्था तथा सङ्गठनहरूको दर्ता, नविकरण, अभिलेख अद्यावधिक, अनुगमन र नियमन सम्बन्धी कार्यलाई व्यवस्थित र स्पष्ट बनाउन

तथा संस्था दर्ता तथा नविकरण प्रक्रियामा नीतिगत स्पष्टता, कानुनी एकरूपता, सुशासन, वित्तीय अनुशासन, तथ्याङ्कीय व्यवस्थापन तथा उत्तरदायित्व सुनिश्चित गर्दै संस्था सञ्चालनलाई दिगो, पारदर्शी र उत्तरदायी बनाउन बाञ्छनीय भएकाले,

बान्नीगढी जयगढ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बान्नीगढी जयगढ गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम ♣"बान्नीगढी जयगढ गाउँपालिकाको संस्था दर्ता तथा नविकरण (पहिलो संशोधन) कार्यबिधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि ♣गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ, संस्था, क्लब, मण्डल, परिषद, ♣फाउन्डेसन, अध्ययन केन्द्र आदि सम्झनु पर्छ ।

(ख) ♣"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ ।

(ग) ♣"सञ्चालक समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको समितिलाई सम्झनु पर्छ।

(घ) ♣"गाउँपालिका" भन्नाले बान्नीगढी जयगढ गाउँपालिका सम्झनु पर्छ ।

(ङ) ♣"विधान" भन्नाले संस्थाको स्वीकृत विधान सम्झनु पर्छ ।

(च) ♣"गाउँपालिका" भन्नाले बान्नीगढी जयगढ गाउँपालिका सम्झनु पर्छ ।

(च) ♣"कार्यपालिका" भन्नाले बान्नीगढी जयगढ गाउँ कार्यपालिका सम्झनु पर्छ ।

३ दर्ता नगरी संस्था **स्थापना गर्न** नहुने : यस कार्यविधि बमोजिम दर्ता नगरी स्थापना भएको संस्था स्थापना भएको मानिने छैन ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित

४ संस्था दर्ता प्रक्रिया : (१) यस गाउँपालिकामा नयाँ संस्था स्थापना गर्न चाहने ♣कम्तीमा सात जना वा बढीमा एघार जना व्याक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थानको बिधानको एक प्रति र तोकिएको दस्तुर सहित अनुसूची-१ को ढाँचामा ♣प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछः

(क) संस्थाको नाम

(ख) संस्थाको उद्देश्य

(ग) ♣सञ्चालक समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा

(घ) आर्थिक श्रोत

(ङ) कार्यालयको ठेगाना

(२) दफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि ♣प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्नका लागी आवश्यक प्रकिया पुरा भएको अवस्थामा संस्था दर्ता गरी अनुसूची-२ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनुपर्नेछ ।

(३) ♣प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिन भित्र त्यस्तो निर्णय उपर चित्त नबुझेमा सम्बन्धित निकायमा उजुर गर्न सकिनेछ ।

५. ♣संस्थाको नविकरण : (१) यस कार्यविधि बमोजिम दर्ता भएको संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तिन महिना भित्र नविकरणका लागी गाउँपालिका समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नविकरणका लागी निवेदन पेश भएमा तोकिएको दस्तुर लिई नविकरण गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै संस्था नविकरण हुन नसकेमा गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको बिलम्म शुल्क तिरी नविकरण गर्न सकिनेछ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित

♣ पहिलो संशोधनद्वारा संशोधित

६. संगठित संस्था मानिने : (१) यस कार्यविधि अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्ताराधिकारवाला, स्वशासित र संगठित संस्था हुनेछ। संस्थाको आफ्नो कामको निमित्त विधान बमोजिम आफ्नो एउटा छुट्टै छाप र लेटर प्याड हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुरी गर्न सक्नेछ र सो उपर पनि सोहि नामबाट नालिस उजुरी लाग्नेछ ।

७. संस्थाको सम्पत्ति : *(१) संस्थाको चल अचल सम्पति संस्थाको नाममा हुनेछ ।

(२) संस्थाको सम्पतिको प्रयोग र सञ्चालन सञ्चालक समितिको जिम्मा रहनेछ ।

(३) संस्थाको चल वा अचल सम्पत्ति बिक्री, हस्तान्तरण, लिज, धितो वा अन्य कुनै रूपमा उपयोग गर्नुपूर्व सञ्चालक समितिको निर्णय अनिवार्य हुनेछ।

(४) संस्थाको आर्थिक कारोबार अनिवार्य रुपमा बैंक खातामार्फत सञ्चालन गर्नुपर्नेछ ।

८. *यस अघि दर्ता भएका संस्था सूचिकरण गर्नुपर्ने : (१) यो कार्यविधि प्रारम्भ हुनुभन्दा **अघि प्रचलित कानुन बमोजिम** दर्ता भई स्थापना भएका / यस गाउँपालिकाको क्षेत्रभित्र क्रियाशील संस्थाले गाउँपालिकामा पुनः दर्ता गर्नुपर्ने छैन ।तर ती संस्थाहरूले गाउँपालिकाको अभिलेख प्रयोजनका लागि यो कार्यविधि प्रारम्भ भएको मितिले छ महिना भित्र गाउँपालिकामा अनिवार्य सूचीकरण हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचिकरण हुने संस्थाले अनुसूची -३ बमोजिमको ढाँचामा उल्लेखित विवरण भरि तोकिएको दस्तुर सहित गाउँपालिकाको कार्यालयमा सूचिकरणका लागी निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले जाँचबुझ गरी प्रक्रिया पुरा भएको अवस्थामा सूचिकरण गरी अनुसूची -४ बमोजिमको प्रमाण पत्र दिनुपर्नेछ ।

(४) गाउँपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालन, अनुदान प्राप्ति, सिफारिस वा साझेदारी गर्न चाहने संस्थाले गाउँपालिकामा सूचीकरण नभएसम्म त्यस्ता सुविधा प्राप्त गर्न सक्ने छैन।

* पहिलो संशोधनद्वारा संशोधित

९. *संस्थाहरु एकआपसमा गाभिन सक्ने : (१) यस गाउँपालिकाको क्षेत्रभित्र गाउँपालिकामा सूचीकरण भएका वा यस कार्यविधि बमोजिम दर्ता भएका उद्देश्य तथा कार्यक्षेत्र मिल्दोजुल्दो दुई वा दुईभन्दा बढी संस्थाहरू आपसी सहमतिमा एकआपसमा गाभिन सक्नेछन।

(२) उपदफा (१) बमोजिम एक आपसमा गाभिनका लागि सम्बन्धित सबै संस्थाको सञ्चालक समितिको निर्णय, सम्पत्ति तथा दायित्वको विवरणसहित गाउँपालिकामा संयुक्त निवेदन पेश गर्नुपर्नेछ।

(२) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा गाउँपालिकाले आवश्यक प्रक्रिया पुरा भएको खण्डमा गाभिनका लागी अनुमति दिनु पर्नेछ।

(३) उपदफा (३) बमोजिम गाभिने संस्थाहरूको चल अचल सम्पत्ति, नगद, अधिकार तथा दायित्व गाभिएपछि कायम रहने संस्थामा स्वतः हस्तान्तरण हुनेछ ।

(४) गाभिएपछि कायम रहने संस्थाले गाँउपालिकामा सूचीकरण वा दर्ता विवरण अद्यावधिक गराउनुपर्नेछ र गाउँपालिकाले आवश्यक जाँचबुझपछि प्रमाणपत्र प्रदान गर्नेछ ।

(५) गाभिने प्रक्रिया प्रचलित कानून, यस कार्यविधि वा सार्वजनिक हित विपरीत देखिएमा गाउँपालिकाले गाभिने स्वीकृति / अस्वीकार गर्न वा सूचीकरण / दर्ता खारेज गर्न सक्नेछ ।

*१०. संस्थाको लेखा प्रणाली : (१) प्रत्येक संस्थाले प्रचलित कानून तथा लेखाको सिद्धान्त बमोजिम आय-व्यय, नगद तथा सम्पत्तिको व्यवस्थित लेखा अभिलेख राख्नुपर्नेछ र सबै आर्थिक कारोबार बैंक खातामार्फत सञ्चालन गर्नुपर्नेछ।

(२) संस्थाको बैंक खाता कम्तीमा दुई पदाधिकारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ र वार्षिक रूपमा तोकिएको लेखापरीक्षकबाट लेखापरीक्षण गराई सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(३) संस्थाले लेखा प्रणाली तथा आर्थिक विवरण यस कार्यविधि विपरीत सञ्चालन गरेको वा अभिलेख पेश नगरेको पाइएमा गाउँपालिकाले सूचीकरण/दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ।

११. निर्देशन दिन सक्ने : बान्नीगढी जयगढ गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्न सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१२. दण्ड सजाय : (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ४ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका सञ्चालक समितिका सदस्यहरुलाई ♣प्रचलित कानुन बमोजिम दण्ड जरिवाना हुनेछ ।

१३. ψ..........................................................................................

१४. संस्थाको विघठन र परिणाम : (१) संस्थाको बिधान बमोजिम कार्य सञ्चालन गर्न नसकेको वा अन्य कुनै कारणवश संस्था विघठन भएमा त्यस्तो संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा स्वतः बान्नीगढी जयगढ गाउँपालिका सरकारको हुनेछ ।

१५. ♣विविध : कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को छुट्टै व्यवस्था भएकोमा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्न बाधा पुगेको मानिने छैन।

---

♣ पहिलो संशोधनद्वारा संशोधित

ψ पहिलो संशोधनद्वारा झिकिएको

## *अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

### संस्था दर्ताको निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू                                मितिः..................................

बान्नीगढी जयगढ गाउँपालिका

जयगढ, अछाम ।

बिषय : संस्था दर्ता सम्बन्धमा ।

प्रस्तुत विषय सम्बन्धमा हामी तपसिलका व्यक्तिहरुले.....................................सम्बन्धी संस्था दर्ता गर्न चाहेकोले बान्नीगढी जयगढ गाउँपालिकाको संस्था दर्ता तथा नविकरण (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा ४ को उपदफा (१) बमोजिम प्रस्तावित संस्थाको विधानको एक प्रति तथा देहायको विवरण सहित निवेदन पेश गरेका छौ ।

विवरणः

१. संस्थाको नामः ..........................................................................

२. संस्थाको उदेश्यः

..........................................................................................................

.....................................

३. सञ्चालक समितिका पदाधिकारीहरुको विवरणः

| क्र.स. | नाम | ठेगाना | पेशा | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

* पहिलो संशोधनद्वारा संशोधित

| | | | | |
|---|---|---|---|---|
| | | | | |

४. संस्थाको आर्थिक श्रोतः

.........................................................................................................................................................................

..........................

५. संस्थाको कार्यालय रहने ठेगानाः

.........................................................................................................................................................................

......

................................................

....

निवेदकको नामः

पदः

*अनुसूची-२

(दफा ४ को उपदफा (२) संग सम्बन्धित)

# बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

**दर्ता नं.:** ......./....../.......

## संस्था दर्ता प्रमाण पत्र

**मिति:** ......................

**श्री** .................................,
**बान्नीगढी जयगढ गाउँपालिका**
**वडा नं. ......, ............. अछाम ।**

श्री .....................................लाई बान्नीगढी जयगढ गाउँपालिकाको संस्था दर्ता तथा नविकरण कार्यविधि (पहिलो संशोधन), २०८२ को दफा ४ को उपदफा (२) बमोजिम .................................. गते दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

.................................
................................
प्रमुख प्रशासकीय अधिकृत

* पहिलो संशोधनद्वारा संशोधित

## ♣नविकरण

| आ. व. | नविकरण गरेको मिति | दर्ता प्रमाण पत्र बहाल रहेको अवधी | नविकरण दस्तुर | प्रमाणित गर्नेको सही | कै. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

♣ पहिलो संशोधनद्वारा संशोधित

## ♣अनुसूची-३

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

### संस्था सूचीकरण निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
बान्नीगढी जयगढ गाउँपालिका
जयगढ, अछाम ।

विषय : संस्था नविकरण सम्बन्धमा ।

प्रस्तुत विषय सम्बन्धमा हामी तपसिलका व्यक्तिहरुले........................................................ संस्था सूचिकरण गर्न चाहेकोले बान्नीगढी जयगढ गाउँपालिकाको संस्था दर्ता तथा नविकरण (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा ८ को उपदफा (२) बमोजिम संस्था सूचिकरण गर्नाको लागि देहायको विवरण सहित निवेदन पेश गरेका छौं।

१. संस्थाको विवरण

(क)संस्थाको पूरा नाम : ..........................................................................

(ख)दर्ता भएको निकाय : ..........................................................................

(ग) दर्ता मिति : ........................................ दर्ता प्रमाणपत्र नं : .................

(घ) संस्थाको प्रकृति : ..........................................................................

(ङ) उद्देश्य (संक्षेपमा) : ..........................................................................

(च) कार्यक्षेत्र : ..........................................................................

२. कार्यालयको विवरण

(क)स्थायी ठेगाना :..........................................................................

प्रदेश.............................. जिल्ला.................................................

गाउँपालिका/नगरपालिका...................................... वडा नं.....................

(ख)सम्पर्क नं :..................................

(ग) इमेल (भएमा) :............................

♣ पहिलो संशोधनद्वारा संशोधित

३. *सञ्चालक समितिको विवरण

| क्र.स. | नाम | ठेगाना | पेशा | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |

४. संस्थाको सम्पत्ति तथा आर्थिक विवरण

(क)बैंक खाता रहेको बैंक/शाखा :..............................................................

(ख)खाता नं : ..............................................................................

(ग) चल सम्पत्तिः ..........................................................................

(घ) अचल सम्पत्तिः .......................................................................

(ङ) प्रमुख आयस्रोत : ...................................................................

(च) गाउँपालिकाभित्र सञ्चालन गर्न चाहेको
गतिविधि..........................................................................................
.......................................................................................................

५. संलग्न कागजातहरू

(क)दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ख)विधानको प्रतिलिपि

(ग) सञ्चालक समितिको निर्णयको प्रतिलिपि

(घ) नागरिकता प्रतिलिपि

(ङ) अन्य

* पहिलो संशोधनद्वारा संशोधित

♣ माथि उल्लेखित विवरण सत्य र सही भएको व्यहोरा जानकारी गर्दछौं। संस्थाको सम्पत्ति दुरुपयोग नगर्ने तथा गाउँपालिकासँग समन्वयमा कार्य गर्ने प्रतिबद्धता गर्दछौं।

| | | |
|---|---|---|
| निवेदकको नाम : | निवेदकको नाम : | निवेदकको नाम : |
| पद : अध्यक्ष | पद : सचिव | पद : कोषाध्यक्ष |
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| मिति : | मिति : | मिति : |

संस्थाको छाप

♣ पहिलो संशोधनद्वारा संशोधित

## ♣अनुसूची-४

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

### संस्था सूचीकरण प्रमाण-पत्र

संस्था दर्ता ऐन, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालय ............................ मा दर्ता भई यस गाउँपालिकाको कार्यक्षेत्रभित्र क्रियाशील देहायको विवरण भएको संस्थालाई सूचीकरण गरिएको बेहोरा जानकारीका लागी अनुरोध छ।

(१) संस्थाको नाम : ...............................................

(२) दर्ता भएको निकाय : ........................................

(३) दर्ता मितिः ......................................................

(४) दर्ता नं. : ........................................................

(५) नविकरण भएको अवधिः .....................................

(६) कार्यक्षेत्र : ......................................................

(७) सूचीकरण मिति : .............................................

...................................

.................................

प्रमुख प्रशासकीय अधिकृत

***पूनश्चः*** यो प्रमाणपत्र संस्था दर्ता प्रयोजनका लागि नभई गाउँपालिकाको सूचीकरण तथा अभिलेखीकरण प्रयोजनका लागि मात्र हो।

---

♣ पहिलो संशोधनद्वारा संशोधित

बान्नीगढी जयगढ गाउँ कार्यपालिकाको मिति २०८२ साल माघ ०३ गतेको बैठकबाट स्वीकृत यो कार्यविधि बान्नीगढी जयगढ गाउँपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) २०७४ को दफा ४ को उपदफा (१) बमोजिम प्रमाणीकरण गर्दछु ।

.........................

मितिः २०८२/१०/१४

झनक रेग्मी

नि. प्रमुख प्रशासकीय अधिकृत